# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## सुदूर पश्चिम प्रदेश,नेपाल

प.स.०७६।०७७
च.नं.

**बिषय: पशुहाट बजार र स्लटर हाउसको ब्यवस्थापन सम्वन्धी आशयपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति:२०७६।४।२२

१। धनगढी उप महानगरपालिकाले पशुहाट बजार र स्लटर हाउस सम्बन्धि आयोजनाहरू सार्वजनीक निजी साझेदारी अवधारण अनुसार कार्यान्वयन गर्नको लागि कम्तिमा ३ बिगाहा सम्म जग्गा भएका इच्छुक तथा योग्य ब्यक्ति/कम्पनी/ संस्थाहरूबाट आशय पत्र पेश गर्न हुन यो १५ दिने सार्वजनिक सुचना प्रथम पटक प्रकाशित गरिएको छ । उपरोक्त कार्य गर्न इच्छुक आवेदकहरूले यस उपमहानगरपालिका कार्यालयमा निर्धारित म्यादभित्र आई आशय पत्र पेश गर्न सक्नेछन् । यस सम्बन्धि थप जानकारी आवश्यक भए कार्यालयको योजना तथा राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ .

२। परियोजनाको संक्षिप्त विवरण: धनगढी उपमहानगरपालिका भित्र कम्तिमा ३ बिगाहा सम्म जग्गा भएका इच्छुक तथा योग्य ब्यक्ति/कम्पनी/ संस्थाहरूले पशुहाट बजार र स्लटर हाउस सम्बन्धि आयोजनाहरू संचालन सम्वन्धी कार्य गर्ने ।

३। साझेदारको न्युनतम योग्यता:प्रचलित कानुन वमोजिम सरकारका निकायहरूसंग साझेदारीमा कार्य गर्न दर्ता र नविकरण रहेको । पशुहाट बजार र स्लटर हाउसका क्षेत्रमा कार्य गरेको न्युनतम १ वर्षको अनुभव । विगत २ आर्थिक वर्षमा आवेदकको नाममा न्युनतम ५० लाख सम्म कारोबार अंक रहेको ।

४। आशय पत्र पेश गर्ने मिति समय र स्थान: २०७६।४।२२ गते देखि ०७६।५।५ गते दिनको १२:०० बजे भित्र , धनगढी उपमहागरपालिका कार्यलय ।

५। आशय पत्र उपर जाचबुझ गरी संक्षिप्त सुची तयार गरिने: आवेदन पेश गर्ने अन्तिम मितिको १५ दिन भित्र । उक्त दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।

६। आशय पत्रमा संलग्न गर्नुपर्ने : आशय पत्रको निवेदन ,प्रचलित कानुन वमोजिम दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्र,कार्य अनुभव झल्किने कागजात, कारोबार देखिने बैंक स्टेटमेन्ट र अन्य आवस्यक कुरा

७। सम्झौताका कानुनी आधारहरू: धनगढी उप महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन २०७४ , सार्वजनिक निजी साझेदारी तथा लगानी सम्वन्धमा ब्यवस्थापन गर्न बनेको ऐन २०७५, स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन २०६३ ।

८। मनसाय पत्र आह्वान सम्वन्धी कागजात धनगढी उप महानगरपालिकाको कार्यालयबाट मिति गते कार्यालय समय भित्र रू ३०००। (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिने छ ।

९। समय सीमा नाघी प्राप्त भएका तथा कुनै शर्तहरू राखि पेश भएका मनसायपत्रहरू मान्य हुने छैनन । साथै कुनै मनसायपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत